# बेतवाँसको फर्निचर उत्पादन गर्ने उद्योग

## परिचय

मानिसको रहनसहन र जीवनस्तरको साथसाथै फर्निचरहरुको उपयोगिता र आवश्यकता बढ्दै जाने कुरा सर्वविदितै छ । सबै किसिमका उत्पादनमा नभए तापनि काठको फर्निचर, स्टीलका फर्निचर, बेट, बाँसका फर्निचरहरुमध्ये सबैभन्दा सस्तो फर्निचर बेत बाँसकै मान्नुपर्दछ ।

बेत, बाँसका फर्निचरहरु हल्का, आरामदायी हुनुका साथै होटल, लज तथा खुला ठाउँको समारोहमा जलपानको लागि प्रयोग योग्य मानिएको छ । यसको अतिरिक्त बेत बाँसबाट हस्तकलाका सजावट सामान, पार्टिसन, इजी चेयरहरुको लागि बढी महत्वपूर्ण छ । उच्च घरानामा बेतका फर्निचरहरु प्रशस्त मात्रामा पाइन्छ । आजकल यस उद्योगलाई हस्तकला र श्रममूलक उद्योगको वर्गमा विशेष महत्व दिइएको छ । वेट, बाँसबाट वास्केट, कच्चाहरुको लागि कोक्रो लगायत जे जस्तो सामान पनि आवश्यकता अनुसारको डिजाईनमा बनाउन सकिने र मर्मत तथा सम्भार गर्न पनि सजिलो भएकोले हाल यस्ता उद्योग सविस्तार बढ्दै गएका छन् । बाँस हाम्रो देशको निभिन्न ठाउँमा पाइने, वेतका हकमा विदेशबाट झिकाई काम गर्न सकिने र वैदिक तथा साँस्कृतिक महत्व भएको कच्चा पदार्थ हुँदा यस उद्योगलाई आधुनिक मेशिन औजार प्रयोग गरि फर्निचर तथा अन्य सरसामान बनाउने हिसाबले प्रस्तुत स्कीम तर्जुमा गरिएको छ ।

विभिन्न प्रकारका बेत बाँसको फर्निचर उत्पादन गर्न आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु, विद्युत शक्ति इन्धन, वार्षिक उत्पादन क्षमता, आदिका बारेमा उद्योग खोल्नु पूर्व जानकारी दिन खोजिएको छ । उद्योगीहरुले उत्पादनको प्रकृति हेरी यन्त्र वा उपकरण छान्न, तीनका इफिसियन्सी, उर्जा उपभोग र आर्थिक भारका बारेमा अग्रीम जानकारी समेत प्राप्त गर्न सक्छन् । आफूलाई आवश्यक पर्ने जनशक्ति, बैक बाट लिनु पर्ने ऋण तथा ब्याजका बारेमा, इन्सुरेन्स प्रिमियमका बारेमा सचेत रहन्छन ।

उद्योगलाई आवश्यक पर्ने वार्षिक स्थीर खर्च, चल खर्च तथा भैपरिआउने खर्च, वार्षिक आम्दानी नाफा नोक्सानीको आकलन समेत प्रस्तुत स्कीममा खुलाइ सम्पूर्ण उद्यमीहरुलाई सजिलो बनाइएको छ ।

अझै वातावरणीय प्रतिकूल प्रभावका बारेमा जडान गर्नु पर्ने संयन्त्र तथा उद्योगी स्वयं वातावरण प्रति चनाखो र सक्रिय हुन अपनाउनु पर्ने तथ्य समेत यस स्कीममा उल्लेख गरिएको छ । यस स्कीमले उत्पादन प्रकृया, वातावरणीय पक्ष तथा रोकथामका उपायहरु, कामदारको स्वास्थ तथा सुरक्षा, तालीम र अग्नी तथा विद्युतीय आकस्मिक घटनाका बारेमा समेत समेटेको छ ।

**बेत फर्निचर उत्पादन प्रकृयाः**

**पानीमा डुवाउने**

वेतका सामानहरु तयार गर्न सर्वप्रथम वेतलाई पानी पोखरीमा केही दिनिसम्म डुबाई राख्ने ।

**सफा गर्ने**

त्यसमा नरमपना आएपछि गोलो वेतको आरव्लार्य चक्कुले सफा गरि के कस्तो साइज तथा डिजाइनको सामान बनाउने हो,

**फर्निचर निर्माण गर्ने**

सोही अनुसार गोलो वेत वाङ्गो टिङ्गो साइजमा मिलाई स्लिपटिङ्ग मेशिनले एकनास गरि मिलाइ चेप्टो वेतले ठाउँ ठाउँमा बाँधी मेच, दराज तथा टेबुल तयार गरिन्छ ।

**ताप दिई साइजमा ल्याउने,**

तयारी मालमा कडापन ल्याउन ठाउँठाउँमा ब्लो ल्याम्पले ताप दिइन्छ।

**रंग लगाउने**

माग अनुसारको पालिस तथा रङ्गरोगन गरी बिक्रीयोग्य सामान तयार गरिन्छ ।

**बाँसको फर्निचर उत्पादन प्रकृया**

**कटिङ्ग**

बाँसलाई साइज अनुसार कटीङ्ग मेशिनले काटिनछ ।

**सफा गर्ने**

बाँसभित्र तथा बाहिर रहेका गाँठोलार्य आउटर ज्वाइन्ट सेभिङ्ग मेशिन र इनर ज्वाइन रिमुभर मेशिनले सफा गरि खस्रोपनालई स्लिपटिङ्ग मेशिन प्रयोग गरि साइज अनुसारको चेप्टो पातलो आदि बनाईन्छ ।


**सिधा गर्ने**

यदि निक्कै चेप्टो बाँसको आवश्यकता भएमा स्ट्रेट ड्इङ्ग मेशिन प्रयोग गरिन्छ । वेत तथा बाँसका फर्निचर उत्पादन गर्न विभिन्न साइजको वेत तथा चेप्टो बाँसको नितान्ट आवश्यकता पर्ने हुनाले विभिन्न किसिमका मेशिन औजारहरु आवश्यक पर्दछन् ।


**फर्निचर निर्माण**

वेत तथा बाँसका सामानहरुलाई विभिन्न साइजमा ल्याइसकेपछि बजारको माग अनुसार बाँस बाट बनेका फर्निचरहरु तयार गरिन्छ ।

**बेत बांसको सामान उत्पादन प्रकृया प्रवाह**



**बाँसको फर्निचर उत्पादन प्रकृया प्रवाह**




## वातावरणीय पक्ष

**प्रदुषणको किसिम**

प्रस्तुत उद्योगबाट खास गरी निम्नानुसारको खेर पदार्थको निस्काशन वा प्रदुषणबाट वातावरणमा असर पार्न सक्ने देखिन्छ ।

| सि.नं. | प्रदुषणको किसिम | निश्कासन हुने बस्तुहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | बाँस र बेतको टुक्राहरु, बोक्राहरु |
| २ | तरल खेर पदार्थ | तरल खेर पदार्थ निस्कदैन |
| ३ | ध्वनी प्रदुषण | प्वाल पार्ने तथा फिटिङ्ग प्रकृयामा केही मात्रामा ध्वनी उत्पन्न हुने हुन्छ । |
| ४ | वायु प्रदुषण | गन्ध आउदैन |

**रोकथामका उपायहरु**

| सि.नं. | प्रदुषणको किसिम | रोकथामका उपायहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | बेत र बाँसको स्क्रापलाई विक्री गर्न सकिन्छ |
| २ | तरल खेर पदार्थ | |
| ३ | ध्वनी प्रदुषण | उत्पादनको क्रममा निश्कने आवाजबाट वातावरणमा पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न निम्नानुसारको ब्यवस्था गर्नुपर्ने हुन्छ ।<br>➢ मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गरी कम्पन कम गर्नु पर्छ ।<br>➢ मेसिनमा ग्रीज लुब्रिकेन्टहरु लगाइ आवाज कम गर्नु पर्छ । |

| | | |
|---|---|---|
| | | ➢ कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरु को ब्यबस्था गर्नु पर्छ ।<br>➢ ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई सेड भित्रमात्र संचालन गर्नु पर्छ । |
| ४ | वायु प्रदुषण | वायु प्रदुषण छैन, गन्ध आउदैन |

## सरसफाई

उद्योगबाट निस्कने खेर जाने ठोस पर्दाथ बेत र बाँसको धूलो धुलो हुन । कारखाना मेशिनहरु सरसफाई गरी बेला बेलामा मर्मत सम्भार गर्नु पर्छ । साथै निम्न आचार संहिता अपनाउनु पर्दछ

- Good House Keeping Practice अपनाउनु पर्छ ।
- सकेसम्म बास तथा वेतका टुक्राहरुलाई भईंमा छरिनबाट रोक्नु पर्छ ।

### कामदारहरुको स्वास्थ्य र सुरक्षा

कामदारहरुको स्वाास्थ्य सुरक्षाको लागी प्राथमिक उपचारको व्यवस्था गर्नु पर्छ । मास्क, पन्जा जस्ता स्वास्थ्य सुरक्षाका साधनहरु उपलब्ध गराउनु पर्ने हुन्छ । कामदारहरुको स्वास्थ्य उपचारको लागि समय समयमा स्वास्थ्य परिक्षणको ब्यबस्था गर्नु पर्छ ।

### ध्वनी प्रदुषण:

मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गर्नु पर्छ । जसले गर्दा मेशिन सचालन गर्दा कम्पन्न कम हुन्छ । मेसिनमा ग्रीज लुव्रिकेन्टहरु लगाई कम आवाज निस्कने बनाउन सकिन्छ । कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरु को ब्यबस्था गर्न पर्ने हुन्छ । ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई छुट्टै कोठा भित्रमात्र संचालन गर्नु पर्छ ।

### ट्रेनिङ्ग:

कामदारहरुलाई आवश्यकता अनुसारको कामको तालिमको व्यवस्था गर्नु पर्छ ।

### अग्नी तथा विधुतिय आकस्मिक घटनाः

अग्नी नियन्त्रण गर्न अग्नि निवारक सिलिण्डर कारखानामा राख्न प्राथमिकता दिनु पर्छ । विद्युतिय तार जडानमा विषेश होसियारी अपनाउनु पर्छ ।